222

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरण कुमार पोखरेल**
**सूचना आयुक्त यशोदा देवी तिम्सिना**

**आदेश**

**मु.नं. २३२/२०७१/०७२**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनुषा ........................१ विपक्षी
सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनुषा ........................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनुषा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनुषाको मिति २०७१।१२।०५, च.नं.७०६, प.सं.२०७१/७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराई सो को बोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केंही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदा देवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७१ साल चैत्र २६ गते रोज ५ शुभम् ।